जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ 
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक २४४ २०८२ साल बैशाख १७ गते बुधबार (30 Apr. 2025 Wednesday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**


लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : विश्व मानवअधिकार ... ३ पृष्ठमा : निर्वाचन खर्चलाई ... ३ पृष्ठमा : पाकिस्तान र इरानबाट ६ हजार ...

# राजविराज नगरपालिकाले इतिहासको पानामा सिमित पार्‍यो "लेखनाथ आदर्श पुस्तकालय"

## पुस्तकालयको आम्दानी, ऐतिहासिक पुस्तक, कम्प्युटर तथा अन्य सामाग्रिको छैन् रेकर्ड



१. श्री लेखनाथ आदर्श पुस्तकालयको स्वामित्व नगरपालिकाको मातहतमा रहेको । र सोको निर्णयको छायाँ कपी यसै साथ संलग्न छ ।

२. श्री लेखनाथ आदर्श पुस्तकालय व्यवस्थापन र सञ्चालन प्रकृया सम्बन्धि कागजातहरुको छायाँ कापी यसै साथ संलग्न छ, र हाल श्री लेखनाथ आदर्श पुस्तकालय सञ्चालनमा नरहेको र पुन संचालन हुने प्रकृयामा रहेको ।

३. श्री लेखनाथ आदर्श पुस्तकालयको सम्पती त्यहा भएको भवन, सटर र कोठाहरु नगरपालिकाबाट नक्सा डिजाईन गरी भवन निर्माण गरेको भुई तल्ला आय आर्जनको लागी निर्माण गरिएको र पहिलो तल्ला पुस्तकालय भवन निर्माण गर्ने योजना रहेको हो ।

४. श्री लेखनाथ आदर्श पुस्तकालयको जग्गा भवन लिजमा अथवा भाडामा नलगाएको व्यहोरा जानकारी गराईन्छ । साथै निर्माण भएको भवन कोठाहरु टेण्डर प्रकृया अनुसार भाडामा दिइने छ ।

५. श्री लेखनाथ आदर्श पुस्तकालयको पुरानो भवन सन्दर्भमा नगरपालिकाले बहाल नलगाई श्री लेखनाथ आदर्श पुस्तकालयले सेवा शुल्क वापत रकम लिएको ।

६. श्री लेखनाथ आदर्श पुस्तकालयको पुरानो भवन २०७२ सालमा आएको विनासकारी भुकम्पले गर्दा भवन क्षतिग्रस्त भई जिर्ण अवस्थामा रहेको हुँदा नगरवासीको ज्यु ज्यान नै खतरामा रहेको देखिएको हुँदा तत्काल पुस्तकालय बन्द गरी भवन भत्काई नगरवासीको ज्यु ज्यान रक्षा हेतु र न.पा. को आय आर्जन कम भएको हुँदा पुन भवन निर्माण गरी भुई तल्ला न.पा. को आय आर्जनको लागी र पहिलो तल्ला श्री लेखनाथ आदर्श पुस्तकालयकोलागी भवन निर्माण गर्ने उद्देश्यले गतका तत्कालिन जनप्रतिनिधीहरुले उक्त स्थानमा टेण्डर आव्हान गरी भवन निर्माण गर्ने [illegible] सोही अनुसार कार्यालयले भवन निर्माण एवं व्यवस्थापन गरी पछि पहिलो तल्लामा पुस्तकालय निर्माण गर्ने योजना समेत रहेको ।

[illegible]

**नवीनकुमार गुप्ता**
**राजविराज, १६ बैशाख ।**

सप्तरीको एक मात्र ऐतिहासिक पुस्तकालय 'लेखनाथ आदर्श पुस्तकालय' अहिले ईतिहासको पानामा सिमित भएको छ । राजविराज नगरपालिकाको स्वामित्वमा रहँदै आएको सो पुस्तकालय हाल राजविराज वडा नं. ७ स्थित तत्कालिन वन कार्यालय (हाल डिभिजन वन कार्यालय) को ठ्याक्कै अगाडी पट्टी दुई तल्ले पक्की भवनको भुई तल्लामा अवस्थित थियो जुन अहिले सम्झनामा मात्र सिमित भएको छ ।

लामो समयदेखी जिर्ण भवनमै रहेको त्यो पुस्तकालय बिहान १० बजे खुल्ने र बेलुका ५ बजे बन्द हुने गर्दथ्यो, त्यो पनि एउटा कार्यालय सहयोगिको भरमा । सूचना केन्द्रको रुपमा विस्तार गरिएको पुस्तकालय अहिले ईतिहासको पानामा सिमित भईसकेको छ ।

पुस्तकालयमा त्यतिबेला विना सिपियु एक दर्जन मनिटर मात्रैको कम्प्युटर थियो । पुराना पुस्तकहरु धमिराले खाइसकेको थियो । त्यसलाई दराजमाथि खुल्ला रुपमा राखिएको थियो । व्यवस्थित रुपमा पुस्तक नराखिनाले पाठकहरुले सो पुस्तक वर्षौंदेखि छुन समेत पाएका थिएनन् । दराजमाथि धुलैधुलाले पुरिएपछि पुस्तकको नाम समेत मेटिएको थियो । राणाकालदेखिकै पुस्तकहरु उपलब्ध रहेको पुस्तकालय अव्यवस्थित र अभिभावकविहीन हुँदा पाठकहरु समेत आउन छोडेका थिए ।

बि.स. २०४५ सालको भुकम्प पश्चात् पनि भवनको अवस्था ठीकठाकै थियो । तर, पछिल्लो पटक वि.स. २०७२ सालमा आएको विनाशकारी भुकम्पमा भवनको अवस्था बिग्रियो । फलस्वरुप पुस्तकालयको सिलिङ (छत) आफै भत्किएर झर्दै, पर्खालहरुमा चिरा पर्न थाल्यो ।

पुस्तकालयको दुई तल्ले भवनको माथिल्लो तल्लामा अधिवक्ता (वकिल) हरुको ल-फर्म संचालनमा थियो । त्यस्तै भूई तल्लामा एक गैससको कार्यालय रहेको थियो भने सोही भवन वरिपरि रहेको झण्डै २० वटा टिनको छाना भएको कोठाहरुमा पनि विभिन्न ल-फर्म, चिया पसल, सेलुन, पत्रिका पसल, पत्रकि कार्यालय लगायतलाई भाडामा लगाइएको थियो । ती सबै कोठाहरुको मासिक भाडा वापत रकम पुस्तकालयको नाममा छुट्टै जम्मा हुने गर्थ्यो ।

यसरी हेर्दा मुलुककै पुरानो पुस्तकालय मध्येका लेखनाथ आदर्श पुस्तकालयको अवस्था सो समयको राजविराज नगरपालिकाको अवस्था झैं भएको थियो । हुन त नगरपालिकाको अवस्था अझै पनि सुधार हुन सकेको छैन् । आन्तरिक द्वन्द, कर्मचारी र जनप्रतिनिधिहरुबीचको दुरी, समयमा योजना कार्यान्वयन नहुनु, नगरको विकासमा उत्तरदायी नबन्नु, फोहरमैला व्यवस्थापन, बिजुलीबत्ती, सडक, ढल लगायत अनेकौं समस्याले जुझ्दै आएको छ यो नगरपालिका । एक दशकअघि पुस्तकालय भवन पूर्ण रुपमा जिर्ण हुँदा समेत नरपालिकाले कुनै चासो देखाएको थिएनन् ।

गत आ.व. २०७७/७८ मा तत्कालिन राजविराज नगरपालिकाका मेयर शम्भु प्रसाद यादवको पालामा पुस्तकालय भवन भत्काएर नयाँ भवन निर्माणका लागि टेण्डर आह्वान गरिएको थियो । झण्डै तीन वर्षपछि नयाँ भवन निर्माण भयो । हाल ती नयाँ भवनमा राजविराज नगरपालिकाले खुल्ला टेण्डर प्रक्रियाबाट धरौटी रकमसहित मासिक रुपमा भाडा लगाएको छ । तर, पुस्तकालयको नाममा एउटा पनि कोठा अझै छुट्याइएको छैन् ।

वि.स. १९९९ सालमा सप्तरीको पुरानो सदरमुकाम हनुमाननगरमा आदर्श पुस्तकालय (लेखनाथ) स्थापना भएको हो । राजविराजमा कर्मचारीको लागि छुट्याइएको ८ बिगहा जग्गामा स्वर्ण ( तत्कालिन लंका) टोलमा स्थापना भएको थियो । पछि वि.सं. २०२१/२२ सालमा तत्कालिन सूर्यप्रसाद श्रेष्ठ सहायक अंचलाधिश भएको बेलामा उनकै प्रयासमा आर्दश पुस्तकालयलाई लेखनाथ आदर्श पुस्तकालय नामाङकन गरि भवन निर्माण गराई उद्घाटन गरिएको थियो । उक्त पुस्तकालयलाई संचालन गर्न स्थानिय बद्री प्रसाद लुईटेललाई जिम्मा लगाइएको थियो । जसको लाइब्रेरियनमा हाल अवकाश प्राप्त मावि शिक्षक शिवराज भट्टले २०३५ सालदेखी निःशुल्क सेवा दिँदै आएका थिए । तर, पछि उक्त पुस्तकालय नेपाल स्काउटको जिम्मा लगाइएको थियो । र २०४९ सालसम्म पुस्तकालय स्काउटकै निगरानीमा संचालनमा रहेको थियो ।

यस्तै बि.सं. २०४७ सालको राजनीतिक परिवर्तनसँगै पुस्तकालय तत्कालिन राजविराज नगरपालिकाका मेयर जगरनाथ दासको पालासम्म राम्ररी नै संचालन भएको थियो । जुन पुस्तकालयमा विपी कोइराला, पुष्पलाल श्रेष्ठको टिप्पणीसहितको निरिक्षण पुस्तिका रहेको थियो । तर अहिले सो पुस्तकहरु कहाँ छन् सायदै उपलब्ध हुने कुरामा शंका छ ।

***बाँकी अन्तिम पृष्ठमा***

**विद्यार्थी भर्ना अभियानमा सवैले योगदान गरौं**

- विद्यालयले आ-आफ्नो सेवा क्षेत्रभित्रका अभिभावकलाई टेलिफोन, इन्टरनेट, रेडियो, टेलिभिजन तथा सामाजिक सञ्जालबाट सूचना प्रवाह गर्ने,
- अभिभावकविहीन बालबालिकाको अध्ययनमा सहयोग गर्ने व्यक्ति तथा संस्थाको पहिचान र उचित सम्मान गर्ने,
- सामुदायिक सिकाइकेन्द्रहरुले विद्यालयबाहिर रहेका बालबालिकाको लगत संकलन गर्ने,
- सार्वजनिक जीवनका व्यक्तिहरुले विद्यालय उमेर समूहका , सीमान्तकृत समूहका, अपाङ्गता भएका बालबालिकाका लागि विद्यालय भर्नाको पहल गर्ने,
- स्थानीय तहले भर्ना अभियानको नेतृत्व गर्ने ।

सबै बालबालिकाको विद्यालयमा सहभागिता, गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### तस्करीले प्रहरीलाई चुनौती थपिदै

सप्तरीमा तस्करीका घटनाहरू बढेका छन्। विशेष गरी लागू औषध, सुन, र अन्य उपभोग्य वस्तुहरूको अवैध कारोबारले जिल्लालाई तस्करीको केन्द्रबिन्दु बनाएको छ। हालै मात्र जिल्लमा ठूलो परिमाणमा गाँजा बरामद भएका छन्। भारतसँग खुला सिमाना साझा गर्ने जिल्ला हो, जसले तस्करीलाई सहज बनाएको छ। यस समस्यालाई समाधान गर्न दुवै देशका सुरक्षाकर्मीहरूको पटक पटक बैठक समेत बसेकै हो। तर पनि समस्या समाधानका साटो बढ्दै गएको छ।

नेपाल र भारतबीच ऐतिहासिक सम्बन्धको प्रतीकस्वरूप खुला सीमाको व्यवस्था गरिएको हो। यो प्रणालीले दुई देशका नागरिकहरूलाई आवागमन, व्यापार तथा सामाजिक र सांस्कृतिक सम्बन्ध विस्तारमा महत्वपूर्ण योगदान पुर्‍याएको छ। तर, सप्तरीजस्ता सीमावर्ती जिल्लाहरूमा खुला सिमानाले अवसरसँगै गम्भीर चुनौती पनि उत्पन्न गराइरहेको छ। सप्तरी जिल्लाको करिब ७८ किलोमिटर लामो सिमाना भारतसँग जोडिएको छ। यहाँका बासिन्दाहरूका लागि खुला सिमाना रोजगारी, व्यापार तथा पारिवारिक सम्बन्धलाई सहज बनाउने साधन बनेको छ। सीमावर्ती बजारहरूमा दैनिक उपभोग्य वस्तुहरूको सुलभ व्यापारले स्थानीय अर्थतन्त्रलाई गति दिएको छ। धार्मिक तथा सांस्कृतिक कार्यक्रमहरूमा दुवै देशका नागरिकहरूको सहकार्यले आपसी सम्बन्ध अझ बलियो बनाएको छ।

त्यस्ता घटनाहरुलाई निरुत्साहित पार्न सप्तरी प्रहरीले सक्रिय समेत बढाएको छ। तर, बढ्दो तस्करीको समस्या केवल स्थानीय सुरक्षा निकायहरूको चुनौती मात्र होइन, राष्ट्रिय स्तरमा पनि गम्भीर चिन्ताको विषय हो। तसर्थ यस समस्याको समाधानका लागि सशक्त सीमावर्ती सुरक्षा, द्विपक्षीय समन्वय, र स्थानीय समुदायको सक्रिय सहभागिता आवश्यक छ। साथै, तस्करीमा संलग्न व्यक्तिहरूलाई कडा कानुनी कारबाही गर्नु अत्यावश्यक छ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# विश्व मानवअधिकार अवस्था प्रतिवेदन

## सार्वजनिक : मानव अधिकारको अवस्था चिन्ताजनक



काठमाडौं, १६ वैशाख (रासस)। सन् २०२४ मा विश्व मानवअधिकारको अवस्था चिन्ताजनक रहेको विश्व मानव अधिकार प्रतिवेदनले देखाएको छ। एम्नेस्टी इन्टरनेसनलले मंगलबार सार्वजनिक गरेको 'सन् २०२४ को विश्व मानवअधिकार अवस्था' नामक प्रतिवेदनले विश्वमा मानव अधिकारको अवस्था चिन्ताजनक भएको देखाएको हो।

प्रतिवेदनमा सम्पूर्ण मानव जगतलाई अधिनायकवादी अभ्यास र कर्पोरेट जगतको लालच अन्तघुलित भएको एउटा क्रुर नयाँ युगतर्फ धकेल्दै गएको उल्लेख गरिएको छ।

एम्नेस्टीले १५० देशको मानव अधिकार अवस्थामा अवलोकन गरी तयार पारिएको प्रतिवेदनमा विश्वव्यापीरूपमा नै मानवअधिकार सङ्कट पैदा हुने जनाएको छ। प्रतिवेदनले विश्वभरी भइरहेको अधिनायकवादी अभ्यासले विमतिप्रति निर्मम दमन भएको उल्लेख गरेको छ।

प्रतिवेदनले जलवायु सङ्टलाई सम्बोधन गर्न, बढ्दो असमानतालाई उल्टयाउन र कर्पोरेट शक्तिलाई नियन्त्रण गर्नमा भएको सामूहिक विफलताका कारण विश्वले भावी पुस्तालाई सदाभन्दा झन कठोरतातर्फ धकेलिरहेको प्रमाण प्रस्तुत गरेको छ।

नयाँ प्रविधिलाई पर्याप्त रूपमा नियमन गर्न विफल भएर, निगरानी उपकरणको दुरूपयोग गरेर र आर्टिफिसियल इन्टेलिजेन्सको बढ्दो प्रयोगमार्फत विभेद् र असमानताको जरालाई अझ गहिराइमा पुर्याएर सरकारले वर्तमान र भावी पुस्तालाई थप हानी पुर्याइरहेको प्रतिवेदनमा उल्लेख छ।

मानव अधिकार खोस्न खोज्ने शक्ति र नाफाखोर लापरवाह राज्यसत्ताको विरुद्ध प्रतिरोध गर्नैपर्ने र विशाल र अवचलित आन्दोलन यस धर्तीका सबै मानिसको अन्तर्निहित मर्यादा र मानव अधिकारप्रतिको साझा विश्वासमा सदासर्वदा एकताबद्ध रहने एम्नेस्टीले जनाएको छ।

एम्नेस्टीले एसिया-प्रशान्त क्षेत्रको सिंहावलोकन गर्दा मानव अधिकारको अवस्था सन्तोषजनक नभएको उल्लेख गरेको छ। प्रतिवेदनमा राजनीतिक अस्थिरताले मानवअधिकारको अवस्थामा योगदान पुर्याएको सबैभन्दा धेरै जोखिममा मानव अधिकार रक्षक र अभियन्ता रहेको देखाएको छ।

अभिव्यक्ति स्वतन्त्रतामा सङ्कुचित लगाउने, भेला हुने र सङ्घ/सङ्गठनको प्रदर्शनमाथि दमन, जलवायु परिवर्तनले थप विषाक्त वायु प्रदूषणको मारमा परेको प्रतिवेदनमा उल्लेख छ। नेपालमा एम्नेस्टी इन्टरनेसनलका अध्यक्ष विपिन बुढाथोकी र प्रयन्त नेपालका अध्यक्ष सरिता लामिछानेले संयुक्तरूपमा उक्त प्रतिवेदनको सार्वजनिक गर्नुभएको थियो। उहाँहरूले नेपालमा पनि मानवअधिकारको अवस्था सन्तोषजनक नरहेको उल्लेख गर्नुभयो।

एम्नेस्टी इन्टरनेसनलले निर्देशक निराजन थपलियाले प्रस्तुत गर्नुभएको उक्त विश्व मानव अधिवकार प्रतिवेदनमा सन् २०२४ मा ३०० पत्रकार मारिएको र त्यसमध्ये प्यालेस्टिनी पत्रकार १०० रहेको उल्लेख छ। "सन् २०२४ मा विश्वभरि नै मानव अधिकारको अवस्था चिन्ताजनक रह्यो"- निर्देशक थपलियाले भन्नुभयो।

# 'शिक्षकका मागप्रति सरकार संवेदनशील बनोस्'

काठमाडौं, १६ वैशाख (रासस)। प्रतिनिधिसभाको बैठकमा सांसदहरूले आन्दोलनरत शिक्षकका मागप्रति सरकार संवेदनशील हुनुपर्नेमा जोड दिएका छन्। उहाँहरूले दमनबाट नभई वार्ता र सहमतिबाट समाधान खोज्न आग्रह गर्नुभएको छ।

बैठकको विशेष समयमा दलीय आधारमा बोल्दै सांसद सुशीला थिङले शिक्षक आन्दोलनप्रति संवेदनशील बन्न सरकारसँग आग्रह गर्नुभयो। उहाँले यही वैशाख १४ गते आन्दोलनरत शिक्षकमाथि प्रहरीले पानीको फोहोरा र लठ्ठी प्रहार गरेको घटनाको आलोचना गर्नुभयो।

"शिक्षकहरूमाथि अन्याय भएको छ। सरकार अभिभावक हो, उनीहरूका समस्या समाधानमा केन्द्रित हुन जरुरी छ", सांसद थिङले भन्नुभयो। नयाँ शिक्षा ऐन नबन्दासम्म विद्यालय नफर्कने अडान त्याग्न उहाँले शिक्षकहरूलाई सुझाव दिनुभयो।

सांसद ठाकुर गैरेले शिक्षा ऐन संशोधनको आवश्यकता औँल्याउँदै सुरक्षाकर्मी र शिक्षकबीच द्वन्द्व सिर्जना गरेर समस्या हल नहुने भएकाले संवादमार्फत निकास खोज्न आग्रह गर्नुभयो। अहिले शिक्षा विधेयक प्रतिनिधिसभाअन्तर्गतको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा छलफलका क्रममा रहेको उहाँले बताउनुभयो। शिक्षकका जायज माग सम्बोधन गर्न प्रतिपक्षी दलहरू पनि उत्तिकै जिम्मेवार रहेको उहाँको भनाइ थियो।

"विक्रम संवत् २०२८ मा बनेको शिक्षा ऐनबाट अहिले शैक्षिक क्षेत्र चलाउनु उचित छैन", सांसद गैरेले भन्नुभयो। संविधानले दिएको मौलिक हकका रूपमा रहेको शिक्षा क्षेत्रलाई व्यवस्थित गर्न आवश्यक भएको सांसद गैरेले बताउनुभयो। दिगो विकासका लक्ष्य हासिल गर्ने, २०८० सालको दशकलाई समृद्धिको दशक बनाउने, सामाजिक न्याय र विकासका अपेक्षा पूरा गर्नुपर्ने गरी सरकारका नीति तथा कार्यक्रम आउनुपर्नेमा उहाँले जोड दिनुभयो।

# जनकपुरमा जानकी जन्मोत्सव सुरु

धनुषा, १६ वैशाख (रासस)। पवित्र जानकी जन्मोत्सवका अवसरमा जनकपुरधामस्थित जानकी मन्दिरमा सोमबारदेखि औपचारिक कार्यक्रम सुरु भएको छ।

जानकी मन्दिरले आयोजना गरेको कार्यक्रमअनुसार मंगलबारदेखि प्रत्येक दिन दिउँसो ४ बजे श्रीराम कथा वाचन र साँझ ७ बजे गर्भगृहमा जानकी जन्म बधाई मङ्गलगान तथा सांस्कृतिक कार्यक्रम सञ्चालन हुने मन्दिरका उत्तराधिकारी महन्थ रामरोशन दासले बताउनुभयो। साथै, अखण्ड रामायण पाठ पनि नियमित रूपमा जारी रहनेछ।

जन्मोत्सवको मुख्य दिन वैशाख २३ गते मङ्गलबार बिहान ५ बजे जानकी मन्दिरबाट दूधमती नदीमा जानकीको शाही स्नान गरिनेछ। सोही दिन अपराह्न १२ बजे जन्म आरती तथा बधाई मङ्गलगान, दिउँसो ४ बजे डोला शोभा यात्रा र साँझ ७ बजे विशेष आरतीसहित दीपोत्सव आयोजना गरिने कार्यक्रम तय भएको छ।

जानकी जन्मदेखि छठिहारसम्म हरेक दिन साँझ ७ बजे जानकी मन्दिरको गर्भगृहमा जन्म बधाई गान गाइन्छ। मन्दिर व्यवस्थापन समितिका अनुसार यही वैशाख २४ गते जनकपुरधाम उपासनाका लागि मटकोर कार्यक्रम आयोजना गरिने छ भने वैशाख २५ गते धार्मिक तथा सांस्कृतिक गीतसहित सीताराम विवाह महोत्सव मनाइनेछ।

सोहीदिन मानस मोहिनी सध्या देवीबाट विशेष रामकथा वाचन कार्यक्रमसमेत गरिने उत्तराधिकारी दासले जानकारी दिनुभयो। उहाँका अनुसार जनकपुरधाममा जानकी जन्मोत्सव विशेष धुमधामका साथ मनाउन व्यापक तयारी गरिएको छ।

# झुट्टा अध्यापन अनुमतिपत्र पेस गर्ने शिक्षकमाथि भ्रष्टाचार मुद्दा

गोलबजार (सिरहा),१६ वैशाख (रासस)। यहाँको धनगढीमाई नगरपालिका-९ चैनपुरमा रहेको महावीर माध्यमिक विद्यालय चैनपुरमा झुट्टा अध्यापन अनुमतिपत्र पेस गरी सेवा गरेको अभियोगमा एक शिक्षकमाथि भ्रष्टाचार मुद्दा दायर गरिएको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले झुट्टा अध्यापन अनुमतिपत्र पेस गरी काम गरेको अभियोगमा शिक्षक टीकबहादुर मगरमाथि ढस्मंगलबार विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरेको हो।

आयोगका अनुसार उक्त विद्यालयको मावि तहमा नियुक्तिका लागि झुट्टा अनुमतिपत्र पेस गरी भ्रष्टाचारजन्य कसुर गरेको भन्ने उजुरी निवेदनमा अनुसन्धान हुँदा निज टीका भन्ने टीकबहादुर मगरले निमावि तहको अध्यापन अनुमति पत्रलाई मावि तहको बनाइ पटकपटक झुट्टा कागजात पेस गरी राष्ट्रसेवक

बाँकी तीन पृष्ठमा

# राष्ट्रपतिबाट शुक्रबार आगामी आवको नीति तथा कार्यक्रम प्रस्तुत हुने

काठमाडौं, १६ वैशाख (रासस)। राष्ट्रपति रामचन्द्र पौडेलले यही वैशाख १९ गते शुक्रबार सङ्घीय संसदका दुवै सदनको संयुक्त बैठकमा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्नुहुने भएको छ।

प्रतिनिधिसभाको मंगलबारको बैठकमा सभामुख देवराज घिमिरेले त्यससम्बन्धमा राष्ट्रपति कार्यालयबाट प्राप्त पत्र सभासमक्ष

बाँकी अन्तिम पृष्ठमा

# निर्वाचन खर्चलाई मितव्ययी बनाउन माग

काठमाडौँ, १६ वैशाख (रासस) । महिला सेवा संस्थाले राजनीतिक दलसम्बन्धी ऐन, २०७३ लाई दोस्रो संशोधन गर्न बनेको विधेयकमा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक र अपाङ्गता भएका व्यक्ति क्लटरलाई अन्यभित्र समावेश गर्न र निर्वाचन खर्चलाई मितव्ययी बनाउन सुझाव दिएको छ । साथै संस्थाले युवा तथा अन्य समूहलाई सुरुदेखि नै मूलधारको राजनीतिमा समावेश गर्न आवश्यक भएकाले पार्टी दर्ता गर्दा केन्द्रीय समिति र प्रदेश समितिमा विधेयकमा थप्न निर्वाचन आयोगलाई आग्रह गरेको छ ।

निर्वाचन आयोगका कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीलाई राजनीतिक दलसम्बन्धी ऐन, २०७३ लाई दोस्रो संशोधन गर्न बनेको विधेयकमाथि सो संस्थाले सोमबार सुझावपत्र बुझाउँदै सो आग्रह गरेको हो ।

कार्यवाहक प्रमुख आयुक्त भण्डारीलाइ संस्थाका अध्यक्ष भावना भट्टसहितको टोलीले आयोगलाई संस्थाले तयार पारेको राजनीतिक दलसम्बन्धी ऐन, २०७३ लाई दोस्रो संशोधन गर्न बनेको विधेयकमाथि सुझावपत्र बुझाएको हो ।

सो अवसरमा कार्यवाहक प्रमुख आयुक्त भण्डारीले निर्वाचन विधेयक र राजनीतिक दलसम्बन्धी विधेयक अन्तरसम्बधित रहेको र दुवैमा सुझाव महत्त्वपूर्ण भएको बताउनुभयो । उहाँले दुवै विधेयक गृह मन्त्रालयमा रहेको जानकारी दिँदै आगामी दिनमा हुने छलफलमा यी सुझावलाई महत्वका साथ राख्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

निर्वाचन आयोगका आयुक्त डा जानकी तुलाधारले संविधानले व्यवस्था गरेअनुसार सबै कानुनमा व्यवस्था गर्ने र राजनीतिक दलसम्बन्धी ऐनमा दल दर्ता गर्दा ३३ महिलामात्र नभएर सबै संरचनामा ३३ प्रतिशतसहित समावेशी बनाउनुपर्ने बताउनुभयो ।

महिला सेवा संस्थाका अध्यक्ष भट्टले दुवै विधेयक बृहत् छलफल गरी छिटो अगाडि बढाएर २०८४ को निर्वाचनमा कार्यान्वयनमा ल्याउनुपर्ने र दुवै विधेयकलाई गृह मन्त्रायले सरोकारवाला निकायसँग गहन छलफल गराउनुपर्ने बताउनुभयो ।

तीन महल सुझावहरूमा दुई पदमा भएको महिला हुनुपर्ने, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक र अपाङ्गता भएका व्यक्ति क्लटरलाई अन्यभित्र स्पष्ट राख्न पनि सुझाव दिएको छ ।

निर्वाचन आयोगले सुझाव माग गरेअनुसार संस्थाले विभिन्न क्लटरहरू (राजनीतिक दलका अगुवा नेताहरू, राजनीतिक दलका महिला सङ्गठनका नेतृहरू, नागरिक समाजका प्रतिनिधि, आदिवासी जनजाति समुदाय, अपाङ्गता भएका समुदाय, दलित अधिकारकर्मी, यौनिक तथा अल्पसङ्ख्यक समुदाय)सँग छलफल गरी सुझाव तयार पारेको जनाएको छ ।

युवा तथा अन्य समूहलाई सुरुदेखि नै मूलधारको राजनीतिमा समावेश गर्न आवश्यक भएकाले पार्टी दर्ता गर्दा केन्द्रीय समिति र प्रदेश समितिमा थप्नु आवश्यक ठानिएको सुझावमा छ । केन्द्रीय पदाधिकारी तथा कार्यसमितिमा महिलाको अर्थपूर्ण सहभागिता आवश्यक ठानिएको र विधेयकमाथि संशोधन गर्न जरुरी ठानिएको विषयलाई तीन महलेमा प्रष्ट रूपमा राखिएको जनाएको छ ।

# सलहेश फूलबारी परिसरमा 'अम्बेडकर पार्क' बन्ने

सिरहा, १६ वैशाख (रासस) । सिरहाको लहानस्थित ऐतिहासिक धार्मिक पर्यटकीय क्षेत्र सलहेश फूलबारी परिसरमा 'अम्बेडकर पार्क' बन्ने भएको छ । सोमबार एक कार्यक्रमका बीच जनमत पार्टीका अध्यक्ष डा सीके राउत र मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले संयुक्त रूपमा पार्कको शिलान्यास गर्नुभयो ।

मधेस प्रदेश सरकारको रु ८० लाख लागतमा डिभिजन वन कार्यालयले आगामी असार १५ भित्र पार्क निर्माण गर्ने गरी काम अगाडि बढेको हो । मुख्यमन्त्री सिंहले धार्मिक पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले सलहेश फूलबारी क्षेत्रको विकासका लागि 'मास्टर प्लान' सहित प्रदेश सरकारले योजना अघि बढाएको बताउनुभयो । "यो क्षेत्र आफैँमा धार्मिक, सांस्कृतिक पर्यटकीय क्षेत्र हो । यसको आफ्नै महत्व र गरिमा छ । यस क्षेत्रलाई व्यवस्थित बनाइ धार्मिक पर्यटन विकास र छिमेकी भारतीय पर्यटकलाई आकर्षित गर्न विशेष महत्व दिएर अम्बेडकर पार्क बनाउन लागिएको हो", उहाँले भन्नुयो, "अम्बेडकर जस्तो विश्वमा प्रतिष्ठित व्यक्तिको नाममा पार्क बनाउँदा यहाँका दलित तथा अन्य समुदायलाई एउटा प्रेरणा मिल्नेछ । यस क्षेत्रको जैविक विविधतालाई ध्यान दिँदै विकास गरिने छ ।"

डिभिजन वन कार्यालय लहान, सिरहाका प्रमुख शैलेन्द्रकुमार मिश्रका अनुसार पार्कभित्र बाबासाहेव भीमराव अम्बेडकरको पूर्णकदको शालिक, पानीको झरना, हात्तीको मूर्ति, प्रवेशद्वारलगायत संरचना बनाइने छन् । धार्मिक वनअन्तर्गत करिब नौ बिघा क्षेत्रफलमा यो क्षेत्र फैलिएको छ । पार्क निर्माणमा थप सहजताका लागि मन्दिरका पुजारी एवं स्थानीय जीतेन्द्रदेव धामी (दनुवार) ले फूलबारीसँगै जोडिएको आफ्नो नामको १० घुर जग्गासमेत दान गर्नुभएको छ ।

प्रत्यक वर्ष वैशाख १ गते फूलबारी मेला लाग्ने गर्दछ, जहाँ सोही दिनमात्र फुल्ने विश्वास गरिएको सुनाखरी फूल हेर्न र मन्दिरमा पूजापाठ गर्न नेपाल तथा भारतबाट हजारौँ भक्तजन आउने गरेका छन् ।

बाबासाहेव भीमराव अम्बेडकर भारतीय नागरिक हुनुहुन्थ्यो । उहाँले भारतीय राजनेता, दलित अगुवा, नागरिक तथा मानव अधिकारकर्मी हुँदै जातीय र धार्मिक सामाजिक विभेदविरोधी सङ्घर्षको सफलतापूर्वक नेतृत्व गर्नुभएको थियो । सन् १९४७ मा भारतीय संविधान मस्यौदा समितिको अध्यक्ष निर्वाचित भई उहाँले अनुसूचीत जातिलाई गरेको भेदभावविरुद्ध समानताको पक्षमा विशेष संवैधानिक प्रबन्ध गर्न महत्वपूर्ण योगदान गर्नुभयो ।

उहाँलाई बेलायतको लण्डन स्कुल अफ इकोनोमिक्स, लण्डन युनिभर्सिटीबाट 'डाक्टर अफ अल साइन्स'मा विद्यावारिधि उपाधि प्राप्त गरेको एकमात्र व्यक्तिका रूपमा समेत चिन्ने गरिएको छ । उहाँको सालिक लण्डनको म्युजियममा कार्ल मार्क्सको सालिकसँगै राखिएको कार्यक्रममा जानकारी दिइयो ।

कोलम्बिया विश्वविद्यालयले सन् २००४ मा विश्वभरिका एक सय विद्वान्हरूको नाम सूचीकृत गरेकामा अम्बेडकरको नाम सो सूचीको पहिलो नम्बरमा राखेको थियो । मानवताका लागि गरेको योगदानको कदर गर्दै उहाँको सालिक विश्वका विभिन्न ठाउँहरूमा स्थापित गरिएको जानकारहरूले बताएका छन् ।


भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमिसुधार तथा मालपोत कार्यालय सप्तरी
राजविराज

विषय : ३५ दिने हकदाबी सम्बन्धि सार्बजनिक सूचना ।

२ नं. को रैती रामलाल कुल ज्यूको नाममा दर्ता रहेको साविक प्रगन्ना जगदर मौजे पौवा हाल तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता गरि जग्गाधनी प्रमाण-पुर्जा पाऊँ भनि जिल्ला सप्तरी साविक गा.वि.स. रायपुर वडा नं. १ हाल परिवर्तित रुपनी गा.पा. वडा नं २ वस्ने घुवाई यादवको नाति सुखाई यादवको छोरा लक्षण यादवको यस कार्यालयमा द.नं. ९७९२ मिति २०८१/१०/०४ गतेमा निवेदन परि हकदाबी सम्बन्धि सार्बजनिक सूचना प्रकाशित गर्ने मिति २०८२/०१/१२ गतेमा आदेश भए बमोजिम यो ३५ दिने हकदाबी सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गामा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता गर्दा कसैको हक जाने छ भने सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा सप्रमाण यस कार्यालयमा उजुरी गर्नु होला । म्याद भित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकको माँग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न तर्फ कानुन बमोजिम कार्यवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल

| सा.कि.नं. | गा.वि.स. | वार्ड.नं. | हाल कि.नं. | जग्गा क्षेत्रफल | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|
| ३ | नक्टीरायपुर | १ग | ५२ | ०-१-८ | रामलाल कुल ज्यु | फिल्ड बुकको कैफियत महलमा यो जग्गा जसोदा मानको नम्बरी हो भनी उल्लेख रहेको । |

२०८२/०१/१२

श्री लक्ष्मी प्रसाद खरेल
(प्रमुख मालपोत अधिकृत)
प्रमुख मालपोत अधिकृत


## झुट्टा अध्यापन...

कर्मचारीको रूपमा ओहदा, लाभ र सुविधासमेत प्राप्त गरेका छन् ।

आरोपित शिक्षकमाथि भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुरमा सोही ऐनको दफा १६ को उपदफा (१) बमोजिम कैद र जरिवाना सजाय माग दावी गरेको आयोगका प्रवक्ता राजेन्द्रकुमार पौडेलले जानकारी दिनुभयो ।

# विश्व समाचार

## पाकिस्तान र इरानबाट ६ हजार भन्दा बढी अफगान शरणार्थी स्वदेश फिर्ता

काबुल, १६ वैशाख (रासस/सिन्ह्वा) ।

आइतबार र सोमबार छ हजार छ सय १९ सदस्यसहित कुल एक हजार चार सय १४ अफगान परिवार छिमेकी इरान र पाकिस्तानबाट आफ्नो मातृभूमि फर्केको, अफगानिस्तानको फिर्ती समस्याहरू सम्बोधन गर्ने उच्च आयोगले मङ्गलबार रिपोर्ट गरेको छ । शरणार्थीहरू पूर्वी नङ्गरहार प्रान्तको तोरखाम सीमा क्रसिङ, दक्षिणी कान्दाहार प्रान्तको स्पिन बोल्डक सीमा क्रसिङ, पश्चिमी हेरात प्रान्तको इस्लाम काला सीमा पोइन्ट र पश्चिमी निमरोज प्रान्तको अब्रिसम सीमा क्रसिङ पोइन्ट हुँदै घर फर्केका छन् । अप्रिल १ देखि २४ सम्म पाकिस्तानबाट करिब एक लाख २० हजार अफगानी शरणार्थी स्वदेश फर्केको संयुक्त राष्ट्रसङ्घीय शरणार्थी उच्चायुक्त (युएनएचसिआर) ले बिहीबार रिपोर्ट गरेको छ । करिब ७० लाख अफगान शरणार्थीमध्ये अधिकांश कागजातविहीन आप्रवासी छन् र हाल विदेशमा बसिरहेका छन् । तीमध्ये अधिकांश अफगानिस्तानको पाकिस्तान र इरानमा बसिरहेका छन् । अफगान अन्तरिम सरकारले बारम्बार अफगान शरणार्थीहरूलाई फर्कन र आफ्नो युद्धग्रस्त मातृभूमि पुनर्निर्माण गर्न सहयोग गर्न आग्रह गरेको छ ।

## म्यान्मामा सुकीको बङ्गलाको लिलामी चौथो पटक असफल

याङ्गुन, १६ वैशाख (रासस/एएफपी) ।

म्यान्माका अधिकारीहरू मङ्गलबार आङ सान सुकीको तालको किनारको बङ्गला लिलामी गर्न असफल भएका छन् । जेलमा रहेकी नोबेल शान्ति पुरस्कार विजेता सुकीको सम्पत्ति बिक्रीले चौथो पटक कुनै बोलीकर्तालाई आकर्षित गर्न सकेन । अदालतले नियुक्त गरेको लिलामीकर्ताले याङ्गुनको लिफी युनिभर्सिटी एभेन्यु रोडमा फैलिएको दुई तले भवनको पुरानो गेटबाट बाहिर निस्किएर यसलाई १२ करोड ८० लाख डलरको प्रारम्भिक मूल्यमा प्रस्ताव राखेका थिए । पत्रकारहरूको समूह र दर्जनभन्दा बढी प्रहरीको निगरानीमा लिलामीकर्ताले तीन पटक बोलीकर्ताहरूका लागि सोधे र अन्तमा घोषणा गरे, "हामी घोषणा गर्दछौँ कि लिलामी सफल भएन ।" सुकी सन् २०२१ को सैन्य कूद्वारा अपदस्थ भएदेखि जेलमा हुनुहुन्छ तर जुन्ता शासनको अघिल्लो अवधिमा यही ऐतिहासिक सम्पत्तिमा वर्षौं नजरबन्दमा बिताउनुभएको थियो । लामो कानुनी विवादपछि उहाँका टाढिएका भाइले भिल्लाको आधा हिस्साको अधिकार जितेका छन् । यसको बिक्री जुन्ता-नियुक्त अधिकारीहरूद्वारा निरीक्षण भइरहेको छ र सुकी आधा आम्दानीको हकदार हुनुहुन्छ । ५४ युनिभर्सिटी एभेन्यु रोडमा नजरबन्दको समयमा सुकीले सीमा बारमा भाषण दिनुहुन्थ्यो । लोकतन्त्र र अहिंसात्मक प्रतिरोधका बारेमा उच्च बयानबाजीका साथ सयौँको भीडलाई आकर्षित गर्थ्यो । म्यान्माको एक दशक लामो लोकतान्त्रिक प्रयोगले सुकीलाई सन् २०१० मा रिहा भएपछि निर्वाचित व्यक्तित्वका रूपमा सक्षम बनायो र औपनिवेशिक युगको घर त्यो स्थान थियो जहाँबाट उहाँले यसको नवजात नागरिक सरकारको नेतृत्व गर्नुभयो ।

देश पतित स्थितिबाट उठन थालेपछि यसले बाराक ओबामा र हिलारी क्लिन्टनलगायत विदेशी नेताहरूको एक शृङ्खलाबद्ध ऐतिहासिक भ्रमणहरू देख्यो । सेनाले फेरि शक्ति खोसेपछि सुकीलाई राजधानी नेपिडोमा जेलमा राखिएको छ । आलोचकहरूले उहाँलाई प्रहसनको रूपमा निन्दा गरेका छन् र उहाँलाई राजनीतिबाट हटाउन योजना बनाएका छन् । रियल इस्टेट एजेन्टहरूका अनुसार उच्च स्तरीय याङ्गुन क्षेत्रहरूमा यस्तै आकारका सम्पत्तिहरूले १० लाखदेखि २० लाख डलर प्राप्त गर्न सक्छन् । सैन्य कूद्वारा सुरु भएको गृहयुद्धले म्यान्माको अर्थतन्त्र ध्वस्त भएकोले देशमा कसले एकल, बढ्दो जीर्ण सम्पत्तिमा १२ करोड ८० लाख डलर खर्च गर्ने स्थितिमा हुनेछ भन्ने अस्पष्ट छ । यो पहिलो पटक सन् २०२४ मार्चमा तीन खर्ब १५ अर्ब क्याट (आधिकारिक विनिमय दरको आधारमा १५ करोड डलर) मा बिक्रीको लागि राखिएको थियो, तर त्यसपछिका तीन लिलामीहरूमा क्रमशः मूल्य घटाइएको थियो ।

## चीनको रेस्टुरेन्टमा आगलागी, २२ को मृत्यु

बेइजिङ, १६ वैशाख (रासस/एएफपी) ।

उत्तरपूर्वी चीनको एक रेस्टुरेन्टमा भएको आगलागीमा मङ्गलबार २२ जनाको मृत्यु भएको र तीन जना घाइते भएको बेइजिङको सरकारी प्रसारकले जनाएको छ । राजधानी बेइजिङबाट करिब पाँच सय ८० किलोमिटर उत्तरपूर्वमा रहेको लियाओयाङ सहरमा आगलागी भएको हो । "अप्रिल २९ को दिउँसो १२:२५ बजे (०४२५ जिएमटी) मा एउटा रेस्टुरेन्टमा आगलागी भएको थियो", सिसिटिभीले भन्यो, "दिउँसो ३:०० बजेसम्म यस घटनामा २२ जनाको मृत्यु भएको छ र तीन जना घाइते भएका छन् ।"

राष्ट्रपति सी जिनपिङले आगलागीले 'उल्लेखनीय जनधनको क्षति' निम्त्याएको र यसबाट सिकिएका पाठहरू 'अत्यन्त गम्भीर' भएको बताउनुभएको सिसिटिभीले जनाएको छ । उहाँले 'घाइतेहरूको उपचारका लागि हरसम्भव प्रयास गर्न, मृतकहरूका लागि उचित अन्त्येष्टि व्यवस्था गर्न र उनीहरूका परिवारलाई सहयोग प्रदान गर्न, आगलागीको कारण द्रुत रूपमा निर्धारण गर्न तथा कानुनअनुसार जवाफदेहिता खोज्न' आह्वान गर्नुभएको छ । अनलाइनमा सेयर गरिएको र एएफपीद्वारा प्रमाणित गरिएको फुटेजमा दुई तले रेस्टुरेन्टमा भीषण आगो लागेको र बाक्लो कालो धुवाँ आकाशतिर उडिरहेको देखाइएको छ । चीनको टिकटकको संस्करण डुयिनमा प्रकाशित अन्य प्रमाणित भिडियोहरूमा प्यारामेडिकहरूले एक पीडितलाई स्ट्रेचरमा एम्बुलेन्समा चढाइरहेको र धेरै अग्नि नियन्त्रकहरू पाइपहरूको सहायताले आगो निभाउँदै गरेको देखाइएको छ ।

घातक आगलागीहरू चीनमा फितलो भवन संहिता र कार्यस्थल सुरक्षाप्रति अक्सर लापरवाही दृष्टिकोणका कारण अपेक्षाकृत सामान्य छन् । यसै महिना उत्तरी चीनको हेबेई प्रान्तमा रहेको एक वृद्धाश्रममा भएको आगलागीमा २० जनाको मृत्यु भएको थियो । जनवरीमा बेइजिङको उत्तरपश्चिममा रहेको झाङजियाकोउ सहरको एक तरकारी बजारमा भएको आगलागीमा आठ जनाको मृत्यु भएको थियो भने १५ जना घाइते भएका थिए । त्यसको एक महिनाअघि पूर्वीचीनको रोङचेङ सहरमा रहेको एक निर्माण स्थलमा भएको आगलागीमा नौ जनाको मृत्यु भएको थियो ।

# क्षयरोग मुक्त पालिका घोषणा गर्ने तयारीमा जुटे सुरुङ्गा




**दैनिक समाचारदाता**
**राजविराज, १६ बैशाख ।**
सप्तरीको सुरुङ्गा नगरपालिकाले पालिकालाई क्षयरोग मुक्त घोषणा गर्ने तयारी सुरु गरेको छ । यसअघि मधेश प्रदेश कै पहिलो बालविवाह मुक्त घोषणा गरिएको यो पालिका अब क्षयरोग मुक्त घोषणा गर्ने तयारीमा जुटेको हो ।

पालिकालाई क्षयरोग मुक्त पालिका घोषणा गर्ने तयारी स्वरुप मंगलवारदेखी क्षयरोगीको पहिचान र उपचारका लागी पालिका क्षेत्र भित्रका ३ स्थानमा "एक्टिभ केस डिटेक्सन कार्यक्रम" सुरु गरिएको छ ।

सुरुङ्गा नगरपालिका २ स्थित जनता माध्यमिक विद्यालय भेडियामा आयोजित एक समारोह बीच नगर प्रमुख गीता चौधरीले उक्त कार्यक्रमको शुभारम्भ गरेकी छिन ।

सो अवसरमा उनले सुरुङ्गा नगरपालिकाका वासिन्दालाई क्षयरोग विरुद्ध जागरुक बनाई क्षयरोग बिनाको पालिका बनाउने उद्देश्यका साथ यस्तो कार्यक्रम ल्याइएको बताइन । सुरुङ्गा नगरपालिकालाई २०८३ साल सम्म क्षयरोग मुक्त पालिका घोषणा गर्ने उदघोषका साथ उनले पालिकाद्वारा कायम गरिएको ३ वटा उपचार केन्द्रमा परिक्षण र उपचारका लागी आउन सबै संग आग्रह गरिन ।

क्षयरोगबाट जोगिन धुम्रपान र धुवाँधुलोबाट जोगिनु पर्ने भन्दै उनले यसबाट बच्न र बचाउन सबैले आ आफनो स्तरबाट समेत सहयोग गर्नु पर्नेमा जोड दिइन ।

क्षयरोगको परिक्षण र उपचारका लागी ११ वटै वडाका वासीन्दालाई पायक पर्ने गरी भेडिया, कुशहा र धाँती बाजारमा गरी ३ वटा सेन्टर कायम गरिएको छ । क्षयरोग निवारण केन्द्र भक्तपुर तथा मधेश प्रदेश सरकार समेतको प्राविधीक सहयोगमा नगरपालिकाले चलाएको कार्यक्रम अन्तर्गत औषधीहरु पनि निःशुल्क उपलब्ध गराउने व्यवस्था मिलाइएको छ । आफ्नो नीती तथा कार्यक्रममा क्षयरोग मुक्त पालिका घोषणा गर्ने लक्ष्य अनुसार आवश्यक गतिबीधी सुरु गरिएको पालिकाले जनाएको छ ।

यस अघि २०७९ सालमा उक्त नगरपालिका बालविवाह मुक्त घोषणा भएको थियो । बालविवाह मुक्त घोषणा हुने सुरुङ्गा मधेश प्रदेश कै पहिलो पालिका हो ।

# आगामी नीति तथा कार्यक्रममा पालिकाहरुले खानेपानी सरसफाई तथा स्वच्छता क्षेत्रगत कार्यक्रममा बजेट राख्ने प्रतिबद्धता



**दैनिक समाचारदाता**
**राजविराज, १६ बैशाख ।**
पालिकाहरुले आगामी आर्थिक बर्षको नीति तथा कार्यक्रम र बजेटमा खानेपानी सरसफाई तथा स्वच्छता क्षेत्रगत कार्यक्रम र बजेट राख्ने प्रतिबद्धता जनाएका छ ।

मंगलबार राजविराजमा सम्पन्न स्थानीय तहको खानेपानी सरसफाई तथा स्वच्छता सुशासन सम्बन्धी दुई दिने कार्यशालामा पालिका प्रमुखहरुले वास गभर्नेन्स क्षेत्रका लागि आवश्यक ऐन, कार्यविधि तथा मापदण्डहरु पारित गर्दै प्रभावकारी कार्यान्वयनका लागि बजेट विनियोजन गर्ने प्रतिबद्धता जनाएका हुन् ।

युनिसेफको सहयोगमा हनुमाननगर कंकालिनी नगरपालिकाद्वारा आयोजित सो कार्यशालामा सप्तरीका ६ वटा र सिरहाका दुई वटा पालिकाका प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, कानुनी सल्लाहकार, विधायन समितिका सदस्य तथा सम्बन्धित शाखाका कर्मचारीहरुको सहभागिता रहेको थियो ।

खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी ऐन, कार्यविधि तथा मापदण्डहरु बनाउन छलफल गरिनुका साथै मस्यौदा समेत तयार गरिएको र वास योजना प्रभावकारी कार्यान्वयनका लागि कार्ययोजना समेत बनाइएको युनिसेफका वास अधिकृत अन्नपूर्ण मिश्रले जानकारी दिए ।

कार्यशालामा सहभागी ८ वटै पालिकाहरुले आगामी आर्थिक बर्षको नीति तथा कार्यक्रम र बजेटमा खानेपानी सरसफाई तथा स्वच्छता क्षेत्रको कार्यक्रम सञ्चालन गर्न न्यूनतम ५० लाखदेखि डेढ करोड रुपैयाँसम्मको कार्ययोजना बनाएको हनुमाननगर कंकालिनी नगरपालिकाका वास सम्पर्क व्यक्ति अमित पाठकले जानकारी दिए ।

हनुमाननगर कंकालिनी नगरपालिकाका प्रमुख विरेन्द्र माझीको अध्यक्षतामा सम्पन्न सो कार्यशालामा सुरुङ्गा नगरपालिकाका प्रमुख गिता चौधरी, शम्भुनाथ नगरपालिकाका कार्यबाहक प्रमुख अनिता कुमारी चौधरीसहितकाले वास कार्ययोजनालाई प्रभाकारी कार्यान्वयन गर्ने प्रतिबद्धता जनाए ।

सिरहाको सिरहा नगरपालिका र लक्ष्मीपुर पतारी गाउँपालिका तथा सप्तरीको सुरुङ्गा नगरपालिका, शम्भुनाथ नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका, राजविराज नगरपालिका, तिलाठी कोईलाडी गाउँपालिका र बलान बिहुल गाउँपालिकाको सहभागिता रहेको सो कार्यक्रममा युनिसेफकी वास अधिकृत अन्नपूर्ण मिश्र, सहजकर्ता दिपक श्रेष्ठसहितकाले सहजीकरण गरेका थिए ।

# कृषि बाटो निर्माणमा भ्रष्टाचार गरेको आरोपमा नौ जनाविरुद्ध मुद्दा

काठमाडौँ, १६ वैशाख (रासस) ।
अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सर्लाहीको धनकौल गाउँपालिकाको कृषि बाटो निर्माणका क्रममा भ्रष्टाचार भएको आरोप लगाउँदै प्रमुख प्रशासकीय अधिकृतसहित नौ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

कृषि बाटो निर्माण कार्यमा प्राविधिक लागत अनुमानविपरीत गएर अनियमितता गरेको अभियोगमा प्रमुख प्रशासकीय अधिकृत कृष्णमोहनप्रसाद साह, इञ्जिनियर उपेन्द्रप्रसाद साह, सहायक पाँचौं मोहम्मद रफिक, सबइञ्जिनियर शशिञ्जनकुमार सिंहविरुद्ध रु सात लाख ७९ हजार २०५ बराबरको बिगो माग दाबी गर्दै विशेष अदालतमा मुद्दा दायर गरिएको हो ।

आयोगद्वारा धनकौल गाउँपालिकाका लेखापाल अभयकुमार साह, उपभोक्ता समितिका अध्यक्ष वोपेन्द्र राय, सचिव इनरजित साह, कोषाध्यक्ष सुरतिया कुमारी, वडा नं ६ का वडाअध्यक्ष श्यामबाबु साहविरुद्ध पनि समान बिगो माग दाबी गर्दै विशेष अदालतमा मुद्दा दायर गरिएको आयोगका प्रवक्ता राजेन्द्रकुमार पौडेलले जानकारी दिनुभयो ।

## राष्ट्रपतिबाट...

वाचन गरेर जानकारी दिनुभएको हो ।

नेपालको संविधानको धारा ९५ मा राष्ट्रपतिले सङ्घीय संसद्का दुवै सदनका संयुक्त बैठकमा सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम पेस गर्ने व्यवस्था छ ।

सभामुख घिमिरेले शुक्रबार अपराह्न २: ४५ भित्र निर्धारित पोशाकमा सदनमा उपस्थित भइसक्न सांसदहरूलाई आग्रह गर्नुभएको छ ।

## राजविराज नगरपालिकाले ...

पछिल्लो पटक २०७९ सालमा स्थानियतहको निर्वाचन पछि सामाजिक सञ्जाल फेसबुकमा स्थानियहरुले पुस्तकालय सञ्चालनमा ल्याउनुपर्ने मागसहित अभियान नै चलाएका थिए । सामाजिक सञ्जालमा निकै चर्चा भएपछि तत्कालिन राजविराज नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत भोगेन्द्र प्रसाद यादवले पुस्तकालय सञ्चालनमा ल्याउने प्रतिक्रिया जनाएपनि अझै त्यो संचालनमा आउन सकेको छैन् ।

उनले २०७९ साल चैत १९ गते लेखनाथ आदर्श पुस्तकालय सम्बन्धी निर्णय सार्वजनिक गरेका थिए । जसमा पुस्तकालयको स्वामित्व नगरपालिकाको मातहतमा रहेको र हाल लेखनाथ आदर्श पुस्तकालय सञ्चालनमा नरहेको र पुन संचालन हुने प्रकृयामा रहेको जनाएका थिए ।

त्यस्तै पुस्तकालयको सम्पती त्यहा भएको भवन, सटर र कोठाहरु नगरपालिकाबाट नक्सा डिजाईन गरी भवन निर्माण गरेको भुई तल्ला आय आर्जनको लागी निर्माण गरिएको र पहिलो तल्ला पुस्तकालय भवन निर्माण गर्न योजना रहेको निर्णयमा उल्लेख छ ।

सोही निर्णयमा पुस्तकालयको जग्गा भवन लिजमा अथवा भाडामा नलगाएको तथा निर्माण भएको भवन कोठाहरु टेण्डर प्रकृया अनुसार भाडामा दिइने उल्लेख छ । पुस्तकालयको पुरानो भवन सन्दर्भमा नगरपालिकाले बहाल नलगाई पुस्तकालयले सेवा शुल्क वापत रकम लिएको जनाइएको छ ।

निर्णयमा "लेखनाथ आदर्श पुस्तकालयको पुरानो भवन २०७२ सालमा आएको विनासकारी भूकम्पले गर्दा भवन क्षतिग्रस्त भई जिर्ण अवस्थामा रहेको हुँदा नगरवासीको ज्यू ज्यान नै खतरामा रहेको देखिएको हुँदा तत्काल पुस्तकालय बन्द गरी भवन भत्काई नगरवासीको ज्यू ज्यान रक्षा हेतु र न.पा. को आय समेत कम भएको हुँदा पुन भवन निर्माण गरी भुई तल्ला न.पा. को आय आर्जनको लागी र पहिलो तल्ला श्री लेखनाथ आदर्श पुस्तकालयको लागी भवन निर्माण गर्ने उद्देश्यले गतका तत्कालिन जनप्रतिनिधीहरुले उक्त स्थानमा टेण्डर लगाई भवन निर्माण गर्ने भनिएकोमा सोही अनुसार कार्यालयले भवन निर्माण एवं व्यवस्थापन गरी पछि पहिलो तल्लामा पुस्तकालय निर्माण गर्ने योजना समेत रहेको ।" उल्लेख छ ।

यसरी हेर्दा राजविराज नगरपालिकाले पुस्तकालयको भवन रहेको जग्गामा आफ्नो आम्दानीको श्रोत बनाएर सटरहरु भाडामा लगाएको छ । त्यती मात्र नभएर विगतमा पुस्तकालयको भवनको कोठाहरुमा लगाइएको भाडा वापतको आम्दानी समेतको हिसाब किताब छैन् । त्यहा रहेको कम्प्युटरको लेखाजोखा पनि छैन् । पुस्तकालयको सम्पत्तिको नाममा रहेको ऐतिहासिक पुस्तकहरु पनि छैनन् । पुस्तकालयको आम्दानी पुस्तकालयकै, विकास, संरक्षण, सम्बर्द्धन तथा अन्य शिर्षकहरुसहित त्यहा खटिने कर्मचारीमा खर्च गरिने नगरपालिका श्रोतले जनाएको छ ।

यस विषयमा राजविराज नगरपालिकाका प्रवक्ता एवं वडा नं. ८ अध्यक्ष समेत रहेका जयनारायण मण्डलले कार्यपालिकाको बैठकमा लेखनाथ आदर्श पुस्तकालयको चर्चा समेत नभएको बताए । उनले भने, "आजसम्म कार्यपालिकाको बैठकमा कसैले पनि पुस्तकालयको पुर्नस्थापना तथा त्यसको हरहिसाब, सम्पत्ति, कम्प्युटर, पुस्तक लगायतको बारेमा कुनै जानकारी समेत दिएका छैनन् ।"


भर्ना खुल्यो । भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥।

नयाँ वर्ष २०८२ को शुभकामनाका साथै यस

Wisdom School
Rajbiraj 2

राजदेवी चौकमा नयाँ शैक्षिक सत्र २०८२ को लागि धमाधम भर्ना खुल्यो

हाम्रो विशेषताहरु
- दक्ष अनुभवी शिक्षक तथा शिक्षिकाहरुद्वारा अध्यापन गराइने ।
- बालमैत्री शिक्षा अनुसार अध्यापन गराइने ।
- CC Camera को निगरानीमा पठनपाठन गराइने ।
- अतिरिक्त क्रियाकलाप साप्ताहिक गराइने ।
- प्रयोगात्मक तथा कम्प्युटर प्रयोगशालाको व्यवस्था भएको ।
- गरिब, दलित, शहिद परिवार तथा जेहेन्दार विधार्थीको लागि विशेष छुटको व्यवस्था
- कक्षामा प्रथम हुनेलाई ५० प्रतिशत, दोश्रोलाई ३० प्रतिशत र तेश्रोलाई २० प्रतिशत शुल्कमा छुट दिइने ।

प्रधानाध्यापक
Wisdom School, Rajbiraj 2
सम्पर्क नं. ०३१-५९०१९२, ९८१२०२२१३५, ९८०४७२६१९२


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेवसाइट** : rajbirajdainik.com.np